Received Date : Oct. 2022 Revised :Nov. 2022 Accepted : Dec. 2022

# मधेसी संस्कृति र यसको सामाजिक रूपान्तरण

**हिरालाल कर्ण**
उप-प्राध्यापक, इतिहास त्रि.वि.
सूर्यनारायण सत्यनारायण मोरबैता यादव बहुमुखी क्याम्पस, सिराहा
Email : hiralalkarn2@gmail.com

**सोधसार**

*प्राचीनकालको मध्यदेशको अवशेषमाथि काशी, कोशल, विदेह, अंग, बज्जि आदि सोलह महाजनपदहरु स्थापित भए । यसले छुट्टै छाप छोडे । त्यसैगरी भारतमा मुसलमान र इसाईहरुको प्रवेशसँगै मधेसलाई कहिले मुस्लिम शासन त कहिले अंग्रेजी शासनमा बस्नुपर्‍यो । यी विभिन्न राज्य र शासनहरुले आ-आफ्नो प्रभाव पार्दै गए । आज नेपाल र भारतबिच विभाजित मधेसलाई भारतीयहरूले हिन्दुस्तानी आवरण दिएर पुरानो पहिचान बिर्सिसकेका छन् भने नेपालको दक्षिणी तराई भू-भागमा बसोबास गर्ने मधेसीहरु अझैपनि आफ्नो पुरानो पहिचान र अस्तित्वका लागि संघर्षरत देखिन्छ । संसारमा देखिएको परिवर्तनसँगै यसमा पनि समयानुकूल रुपान्तरण भइरहेको छ । यस परिवर्तनशील युगमा आफ्नो अस्तित्व र मौलिकताको संरक्षण गर्दै परिवर्तनलाई आत्मसात गरी पहिचान कायम राख्ने कार्य निकै चुनौतीपूर्ण रहेको छ । खासगरी आफ्नो भाषा, साहित्य र संस्कृतिमा समृद्ध देखिएपनि नेपाल र भारतबिचको विभाजनले गर्दा कहिं भारतीय आवरण त कहिं नेपाली चोला धारण गर्नुपरेको छ । अतः संस्कृति र विकृतिको पहिचान गरी विकृति हटाई संस्कृतिलाई समय अनुकूल नवीकरण गरी आफ्नो मौलिकता र पहिचान कायम गर्न आवश्यक देखिन्छ ।*

**विशिष्ट शब्दावली :** आर्य, मध्यदेश, मधेसी संस्कृति, सांस्कृतिक रुपान्तरण, मौलिकता ।

## पृष्ठभूमि

बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, विशेषतायुक्त भौगोलिक विविधतामा रहेका समान आकांक्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान रही एकताको सूत्रमा आवद्ध सबै नेपाली जनता समष्टिमा राष्ट्र हो (नेपालको संविधान, २०७२ : २) । यसरी नेपालको संविधानमा उल्लेख गरिए अनुसार नेपाल एक बहुसांस्कृतिक विशेषतायुक्त राष्ट्र हो । यो विभिन्न जातजाति, भाषा, धर्म, संस्कृति रुपी फूलहरुले सजिएका सुन्दर मालाको रुपमा रहेको छ । यस्तै विविध संस्कृतिहरुमध्ये मधेसी संस्कृतिको विशाल क्षेत्र रहेको छ । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म मधेसको समथर भूभागमा विभिन्न कालखण्डमा विकसित भएका सांस्कृतिक परम्परा रीतिरिवाज रहनसहन समय अनुकूल परिमार्जित र परिष्कृत हुँदै यसको गरिमा र शोभा बढाउँदै आइरहेको छ । यश संस्कृतिभित्रका विविधताहरुले यसलाई छुट्टै पहिचान दिलाउन सफल भएको छ ।कुनै समयमा सामाजिक र मानविय आवश्यकताको आधारमा विकसित संस्कृति समाज विकासको क्रमसँगै अपडेट गरिएन भने अर्को कालखण्डमा विकृतिको रुपमा देखिन थाल्छ । जस्तैः घुम्टो वा पर्दा प्रथा, मध्यकालीन निरङ्कुश समाजमा शासकको कुदृष्टिबाट छोरी चेलीहरुलाई बचाएर राख्न मुख छोपेर राख्ने पर्दा प्रथा प्रारम्भ भएपनि आजको एक्काइसौं शताब्दीको ब्युटी क्वीनको युगमा यो विकृतिको रुपमा देखिन थालेको छ । अतः यस अध्ययन मार्फत् मधेस, मधेसी र मधेसी संस्कृति के हो ? समय अनुकूल यसको मौलिकता पहिचान कायम राख्दै यसलाई कसरी रुपान्तरण गर्न सकिन्छ ? मधेसी संस्कृतिको गरिमा बढाउनका लागि मधेसीहरुले के ? कस्ता ? भूमिका निर्वाह गर्नुपर्छ । यी विषयवस्तुमा केन्द्रीत भएर अध्ययन गर्ने प्रयास गरेको छु ।

**अध्ययनको उद्देश्य :**

यस अध्ययनको मूल उद्देश्य मधेस र मधेसी संस्कृतिको पहिचान गरी समयानुकूल त्यसमा देखिएका सांस्कृतिक रुपान्तरणलाई आत्मसात गर्दै विकृतिहरु हटाई मौलिकता र पहिचान को संरक्षण तथा संवर्द्धनका उपायहरुको खोजी गर्नु हो । बुँदागत रुपमा यसका उद्देश्यहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

(क) मधेस र मधेसी संस्कृतिको पहिचान गर्नु,

(ख) मधेसी समाजमा देखिएका सामाजिक रुपान्तरण पत्ता लगाउनु,

(ग) मधेसी संस्कृतिको संरक्षण र संवर्द्धनका उपायहरुको खोजी गर्नु ।

**अध्ययन विधि**

यस अध्ययनको ऐतिहासिक पक्षको अनुसन्धानका लागि सहायक स्रोतहरुको प्रयोग गरिएको छ भने वर्तमान समयमा देखिएका रुपान्तरणको अध्ययनका लागि प्रत्यक्ष सहभागितामुलक अवलोकन विधि अपनाइएको छ ।

**मधेस र मधेसीको परिचय**

मधेसी शब्द मधेस नाम शब्दमा ई प्रत्यय लागेर बनेको विशेषण शब्द हो ।जुन मधेस सम्वन्धि व्यक्ति वा वस्तु जनाउनका लागि प्रयोग गरिन्छ । अतः मधेसी शब्द मधेस शब्दबाट बनेकोले यस शब्दको अर्थ खोज्दा नेपाली शब्दसागरमा उल्लेख गरिए अनुसार समथर भूभाग, तराई, दक्षिणमा विन्ध्यपर्वत, उत्तरमा हिमालय, पश्चिममा कुरुक्षेत्र, पूर्वमा प्रयाग पर्ने मध्यदेश, मध्यप्रदेश, मदेसे (मदेसंए) मदेसको, मदेससम्वन्धि, मदेसवासी भनेर अर्थ्याइएको छ (शर्मा नेपाल, २०५ : ८०) । यसैगरी सोही पुस्तकमा मध्यदेश शब्दलाई संस्कृत नाम शब्द भनी माझको देश वा क्षेत्र, मधेस, प्राचीनकालीन परिभाषामा हिमालय (विन्ध्यपर्वत) प्रयाग र प्राग्विनशन क्षेत्रको बिचमा पर्ने भूभाग भनी अर्थ्याइएको छ ।

नेपाली बृहत शब्दकोषमा लेखिए अनुसार मदेस र मदेश नाम शब्द संस्कृत भाषाको मध्यदेश शब्दबाट बनेको हो । जसको अर्थ यसप्रकार लेखिएको छ ।

(क) अग्लोहोचो र डाँडाकाँडा नभएको एकदम समथर भूमि, तराई मधेस ।

(ख) हिमालदेखि दक्षिण, विन्ध्यपर्वतदेखि उत्तर, कुरूक्षेत्रदेखि पूर्व र प्रयागदेखि पश्चिमपट्टि पर्ने समथर भूभाग र पुरानो नाउँ मध्यप्रदेश (नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान २०५ : ८०) ।

यसप्रकार नेपाली शब्दकोषहरुको आधारमा मध्यदेशबाट मधेस र मधेसी संस्कृतिको विकास भएको कुरा प्रष्ट हुन्छ । सि.के. राउतका अनुसार मधेस शब्द संस्कृत शब्द मध्यदेश वा पाली शब्द मज्झिमदेश शब्दको अपभ्रंशित रुप हो । जसको अर्थ बिचको भूमि हुन्छ (राउत, सन् २०१३) ।
प्राचीन ग्रन्थ मनुस्मृतिमा निम्नानुसार उल्लेख गरिएको छ ।

हिमवद्विन्ध्योर्मध्ये यत्प्राग्विनशनादपि ।
प्रत्यगेव प्रयागच्च मध्यदेशः प्रकृतितः ॥२(२१॥

यश मध्यदेशको इतिहास खोतल्दा आर्यहरु मध्यपुर्वको मेसोपोटामियाबाट पुर्व भारततर्फ प्रवेश गर्दा सिन्धु घाँटीका द्रविडहरुलाई पराजित गरी दक्षिणतर्फ धपाएर उत्तर भारतमा पाँचवटा प्राचीन आर्य राज्यहरूको स्थापना गरेको इतिहास पाइन्छ । डा.धिरेन्द्र बर्माको मध्यदेश ग्रन्थ अनुसार प्राचीनकालमा भारत अथवा आर्यावर्त पाँच भागमा विभाजित थियो (प्राची, उदिची, प्रतिची, मध्य र दक्षिण (बर्मा, सन १९७२)। यसैकुरालाई भारतीय इतिहासकार डा.विद्याधर महाजनले यसरी प्रष्ट पारेका छन् । यमुनादेखि ब्रम्हपुत्रसम्मको मैदानलाई मध्यदेश अथवा बीचको देश भनिन्थ्यो । यो भाग आर्य संस्कृतको केन्द्र थियो । उत्तर पश्चिमी भारतलाई उदिची अर्थात उत्तरापथ भनिन्थ्यो । पश्चिमी भारतलाई प्रतिची,प्रातीच्य वा अपरान्त भनिन्थ्यो । पुवी भारतलाई प्राची वा प्राच्य र दक्षिणी भारतलाई दक्षिण वा दक्षिणापथ भनिन्थ्यो (महाजन, सन् १९९७) । मधेस

र मधेसी शब्दलाई अझ विस्तृत रुपमा हिन्दी साहित्यकोष पारिभाषिक शब्दावली ग्रन्थमा उल्लेख गरिएको छ । प्राचीनकालमा भारत अर्थात् आर्यावर्त पाँच भागमा विभाजित मानिन्थ्यो (प्राची, उदिची , प्रतिची, मध्य र दक्षिण । यस अन्तिम भू-भागको नाउँ पछि गएर मध्यदेश भयो । मध्यदेशको प्रथम संकेत ऐतरेय ब्राम्हणमा पाइन्छ । यसपछि निरन्तर रूपमा संस्कृत साहियसत्यमा यश शब्दको प्रयोग हुँदै आएको छ । उत्तर भारतमा आर्यहरुको विस्तार सँगसँगै आर्यावर्तको सीमा बढ्दै गयो । फलस्वरूप मध्यदेशको सिमानामा पनि परिवर्तन भयो । उदाहरणको लागि मनुस्मृतिको समयमा हिमालय र विन्ध्याचलको मध्यमा विनशन (सरस्वती नदी लुप्त हुने स्थानदेखि पूर्व र प्रयागको पश्चिममा मध्यदेश थियो । विनयपिटकका अनुसार मध्यदेशको पूर्वी सिमाना विस्तार भई शल्लपुरी९भागलपुर०को नजिक मानिन्थ्यो । मध्यदेश शब्दको प्रयोग लगभग बाहौं शताब्दीसम्म हुँदै आयो । मुस्लिम शासनकालमा यसका लागि हिन्दुस्तान शब्दको प्रयोग हुन थाल्यो । वर्तमानकालमा हिन्दी प्रदेशलाई यसको पर्यायवाची मान्न सकिन्छ । नेपालमा आज पनि हिन्दी प्रदेशका बासिन्दाहरुलाई आफ्नो पुरानो नाम मदेसिया अर्थात मध्यदेशियबाट सम्बोधन गरिन्छ (बर्मा, चतुर्वेदी र भारती, सन् १९८५) ।

भाषाविद, इतिहासकार, समाजशास्त्रीहरू यस कुरामा प्रायः सहमत देखिन्छ कि नेपाली भाषाको मधेस शब्द संस्कृत शब्द मध्यदेश वा पाली शब्द मज्झिमदेश शब्दको अपभ्रंशित रुप हो । जसको अर्थ बीचको भूमि हुन्छ । भारतीय उपमहाद्विपको बीचमा अवस्थित भएकोले प्राचीन ग्रन्थहरुमा मध्यदेश वा मज्झिमदेश भनियो ।यसप्रकार प्राचीनकालमा आर्यहरूको भारतीय उपमहाद्विपमा प्रवेशसँगै भारतमा स्थापित आर्यावर्तको प्राचीन पाँच राज्यहरुमध्ये एक प्रसिद्ध राज्य मध्यदेश हो । यसको पश्चिमी सिमाना कुरुक्षेत्रदेखि प्रयागसम्म शुरुमा देखिएपनि पछि विस्तार हुँदै क्रमशः ब्रम्हपुत्र नदीसम्म पुगेको देखिन्छ । यसक्षेत्रका बासिन्दाहरुलाई बाहौं शताब्दीसम्म मधेसी भनिएतापनि मुस्लिम शासनकालमा हिन्दुस्तान र हिन्दुस्तानी शब्दले व्यापकता पाउन थालेपछि हाल नेपालको हिन्दीभाषि क्षेत्रका लागि मात्र यश शब्दको प्रयोग सिमित हुन गएको देखिन्छ ।

## मधेसी संस्कृति

मधेसी संस्कृति शब्द संस्कृति शब्दमा मधेसी विशेषण लागेर बनेको हो । हामीले मधेसी शब्दको अर्थ माथि विश्लेषण गरिसक्यौं । त्यसैले अब संस्कृति शब्दको अर्थ खोज्नु आवश्यक छ । संस्कृति शब्दको शाब्दिक अर्थ खोज्दा संस्कृत भाषाको कृ धातुमा सम उपसर्ग र क्तिन प्रत्यय लागेर संस्कृति शब्द बनेको हो । जसको अर्थ परिष्कृत कार्य वा उत्तम स्थिति हुन्छ । यसलाई नेपाली बृहत शब्दकोषमा निम्नानुसार अर्थ्याइएको छ ।

(क) कुनै वस्तुलाई परिमार्जन गरेर वा संस्कृत रुप दिएर चम्किलो, उज्यालो र निखुट बनाउने काम, संस्कार, परिष्कार ।

(ख) कुनै राष्ट्र वा जातिको सामाजिक जीवन, राजनीति, अर्थव्यवस्था आदिमा प्रतिबिम्बित हुने र तिनका कलाकौशल, बौद्धिक विकास आदिमा प्रकट हुने सम्पूर्ण क्रियाकलापको परिष्कृत रुप ।

(ग) धेरै समयदेखि देशकाल सापेक्ष भई आन्तरिक, वैचारिक तथा परम्परागत धारणाका रुपमा विकसित हुँदै आएको र आचारविचार,रहनसहन आदिका माध्यमले कुनै राष्ट्र, समाज,जाति आदिको स्वरुप खुट्टिने यावत मान्यता, भावना, चिन्तनमनन, भौतिक अभिव्यक्तिहरुसमेतको समुह वा साधन ।

(घ) कला, साहित्य, इतिहास, भाषा, धर्म, दर्शन आदि विभिन्न विषय वा मूल्यपरम्पराको समष्टि नाम ।

यसैगरी internet मा राखिएका cambridge English Dictionary मा उल्लेख गरिएअनुसार अंग्रेजी भाषाका Culture शब्द यसप्रकार दिइएको छ । the way of life especially the general costumes and beliefs of a particular group of people at particular time.

अर्थात निश्चित समयमा निश्चित मानव समुहको जीवनशैली खासगरी आचारविचार र भेषभुषाको समष्टि रूप संस्कृति हो । यसप्रकार नेपाली र अंग्रेजी शब्दकोषहरुको आधारमा हामी भन्न सक्छौं कि समय परिस्थिति

अनुसार परिष्कृत हुँदै आएको कुनै खास समयमा आफ्नो छुट्टै पहिचान कायम हुने गरी खास मानव समुह, राष्ट्र,समाज वा जातिले अपनाएको जीवनशैली, भेषभुषा, आचारविचार, रहनसहन, धर्मसंस्कार,रीतिरिवाज आदिको समष्टि रुप संस्कृति हो । नेपालको दक्षिणी भूभागमा अवस्थित तराई मधेसमा बसोबास गरेका मानिसहरूको छुट्टै पहिचान कायम हुने गरि तिनिहरुले अपनाएका धर्मसंस्कार, परम्परा, रीतिरिवाज, जीवनशैली, भेषभुषा, आचारविचार, रहनसहन, मूल्य, यमान्यता आदिको समष्टि रुप नै मधेसी संस्कृति हो ।

## मधेसी संस्कृतिको सामाजिक रुपान्तरण

अंग्रेजीमा एउटा भनाइ निकै प्रसिद्ध रहेको छ Nothing is permanent except changeअर्थात यश संसारमा परिवर्तन बाहेक कुनैपनि कुरा स्थायी छैन । यस कुरालाई दार्शनिक चाणक्यको यस श्लोक मार्फत पुष्टि गर्न सकिन्छ ।

चला लक्षमीश्चलाः प्राणश्चलं जीवितयौवना ।
चलाचले च संसारे धर्म एको हिं निश्चलः ॥२०१५॥ (अर्याल, २०७३)

अर्थात यश संसारमा लक्ष्मी, प्राण, यौवनका साथै सारा संसार परिवर्तनशील छ । एकमात्र धर्म निश्चल रहेको छ ।

यसरी यश परिवर्तनशील संसारमा सबैकुरा समय र परिवेशअनुसार परिवर्तित हुन्छन् । मधेसी संस्कृति यसको अपवाद हुन सक्दैन । हजारौंहजार वर्ष पुरानो यो संस्कृति आर्यहरुको भारत प्रवेशसँगै आर्य र द्रविडहरूको मिश्रणबाट बनेको हो । गोरा आर्य र काला द्रविडहरुको मिश्रणबाट विकसित वैदिक आर्यहरुले पुज्ने ईन्द्र, बरुण, कुबेर, अग्नि आदि आर्यहरुका देवताका साथै द्रविडहरुका देवीदेवताहरु आदिशक्ती जगदम्बा, शिव, पार्वतीको पनि पुजाआजा गर्छन् । यश संस्कृतिको विकासमा गौतम, बौधायन, आपस्तम्ब, वशिष्ठ, विष्णु, बृहस्पति, नारददेखि लिएर बुद्ध, महावीर, जिमुतवाहन, तुलसीदास, कबीरदास,श्रीधर,रुद्रधर आदिको महत्त्वपूर्ण योगदान रहेको छ (काने, सन् १९३०) । प्राचीनकालदेखि चल्दै आएको मधेसी संस्कृति विभिन्न आरोह अवरोह पार गर्दै आजको एक्काइसौं शताब्दीसम्म आइपुग्दा अस्तित्व र पहिचानको लागि संघर्ष गरिरहेको छ ।

मधेस राज्यको स्थापनाकालमा पश्चिम कुरुक्षेत्रदेखि पुर्व प्रयाग हुँदै क्रमशः ब्रम्हपुत्रसम्म फैलिएको यश विशाल भू-भागमा प्रशस्त अन्न, दलहन, तरकारी, सागपात, फलफुल,मसलाहरु आदि उत्पादन हुने भएकोले कृषिमा आधारित ग्रामीण सभ्यताको रुपमा रहेको थियो । गंगा ब्रम्हपुत्रको यश मैदानमा बाँच्नका लागि आवश्यक आधारभूत कुराहरू खाने लाउने सम्पुर्ण सामग्रीहरु सरल रुपमा उपलब्ध हुने भएकोले यहाँका बासिन्दाहरू आमोदप्रमोद गरी बार्हैं महिना चाडपर्व मनाएर एकआपसमा खुशी साटासाट गर्दै आएको देखिन्छ । वैशाखमा जुडशीतल र वैशाखी, जेठमा वैरसाइत (वटसावित्री व्रत) र गंगादसहारा, असारमा ग्रामदेवता र कुलदेवताका पुजाका साथै हरिशयनी एकादशी, साउनमा महिनाभरि भगवान शिवको पुजाआराधना गर्नुका साथै नागपञ्चमी, मधेसी महिलाको तीज (साउन शुक्ल तृतीया), मधुश्रावणी र रक्षावन्धन, भदौमा कृषणाष्टमी, कुशेओंसी, असोजमा जितिया, विजयादशमी, कार्तिकमा लक्ष्मीपुजा, भाइपुजा, छइठ र देवोत्थनी एकादशी, मङ्सिरमा नवान्न र विवाहपञ्चमी, पुसमा पुसी पुर्णिमा माघमा मकरसङ्क्रान्ति र श्रीपञ्चमी, फागुनमा होली तथा चैतमा रामनवमी गरि बाह्रै महिना धुमधामका साथ विभिन्न चाडपर्वहरु मनाउने मधेसी संस्कृतिको विशेषता रहेको छ ।

## मधेसी संस्कृतिका विविध पक्षमा देखिएका रुपान्तरण

कुरुक्षेत्रदेखि ब्रम्हपुत्रसम्म र हिमालयदेखि विन्ध्याचलसम्मको यश विशाल भूभागमा विभिन्न समयमा विभिन्न साम्राज्यहरुको उत्थान र पतन भयो । जसले यश क्षेत्रका मानिसहरुको सामाजिक र सांस्कृतिक जीवनमा ठूलो प्रभाव पारेको देखिन्छ । हाम्रा धर्मग्रन्थहरुमा लेखिए अनुसार कुनै बेला मधेस राज्यको अवशेषमाथि काशी, कोशल, कुरू, पाञ्चाल, विदेह, अंग, गौड (बंग) आदि सोलह महाजनपदहरु अस्तित्वमा

आएका थिए । ऐतिहासिक स्रोतअनुसार कन्नौज, काशी, तिरहुत, गौडराज्यहरु एघारौंदेखि चौधौं शताब्दीसम्म अस्तित्वमा रहेपनि मुस्लिम आक्रमणका कारण यिनीहरूको अस्तित्व समाप्त भएर मुस्लिम शासनको एक सुबाको रुपमा रुपान्तरित हुन पुगे । अंग्रेजहरुले मुगलहरुलाई विस्थापित गरेपछि यो भूभाग नेपाल भारतबिच विभाजित हुन पुग्यो । अंग्रेजहरुले भारत छोडेर गएपनि मधेस नेपाल र भारतबिच विभाजित रहि नै रह्यो ।

यी राजनैतिक उत्थान पतनले यश क्षेत्रका सामाजिक र सांस्कृतिक रुपान्तरणमा पारेको प्रभावलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

**(क) धार्मिक पक्ष** : प्रारम्भिक आर्य र द्रविडहरुको मिश्रणबाट वैदिक धर्मसंस्कृति फस्टाएपनि पछि यसमा आएको विकृतिको फलस्वरूप महावीर जैन, गौतम बुद्ध जस्ता धर्मगुरुहरुको उपदेशबाट जैन र बुद्धधर्मको प्रादुर्भाव यस भेगमा भयो भने सन्त कबीरदास र तुलसीदासका साथै चैतन्य महाप्रभु, आदिशंकराचार्यको प्रभावपनि मधेसी संस्कृतिमा उत्तिकै देख्न सकिन्छ । कवि विद्यापति र स्नेहलताको गीतविना मधेसी संस्कृति अधुरो नै रहन्छ । एघारौं शताब्दीदेखि इस्लाम धर्मको प्रवेशले मधेसी संस्कृतिको धार्मिक गतिविधिमा एक नयाँ आयाम थप्यो भने अंग्रेजहरुको आगमनले इसाई मिशनरी र क्रिश्चियन धर्मले प्रवेश पायो । जसको फलस्वरूप वर्तमान मधेसी संस्कृति बहुधार्मिक हुन गएको छ । विभिन्न धर्मका धार्मिक अनुष्ठानहरुले यसको शोभा बढाउँदै गएको छ । होली, दिपावलीका साथै ईद, मुहर्रम र क्रिसमस डेले यसलाई बहुरङ्गी जामा पहिराएको देखिन्छ ।

**(ख) समाजमा नारीको स्थान** : प्राचीन कालमा नारीहरु पुरुष सरह स्वतन्त्र थिए । पुरुष झैं तिनीहरूले पनि शिक्षा दीक्षा आर्जन गर्न, वैदिक मन्त्रोच्चारण गर्न र ऋचाहरुको रचना गर्न सक्थे । राजा जनकको दरबारमा बसेका महर्षि याज्ञवल्क्यका दुईवटै श्रीमतीहरु गार्गी र मैत्रेयीलाई त्यसको ज्वलन्त उदाहरणको रुपमा लिन सकिन्छ । तिनीहरूले शुक्ल यजुर्वेदको रचना गर्न ऋचाहरुको रचना गरि आफ्ना पति याज्ञवल्क्यलाई सहयोग गरेकी थिइन्छ । तर पछि सामन्तवादी युगसम्म आइपुग्दा तानाशाही व्यवस्थाका कारण महिला स्वतन्त्रतामाथि ठूलो आघात पुग्यो । जसको परिणामस्वरूप सतीप्रथा, पर्दाप्रथा जस्ता कुप्रथाहरुले नारीलाई घरको पर्खालभित्र सीमित गरिदियो । तर आजको एक्काइसौं शताब्दीमा फेरि महिला अधिकारको कुरा उठेको छ । नारी स्वतन्त्रता र समानताले पुरुष जस्तै महिलाहरूलाई पनि शिक्षा, स्वास्थ्य र रोजगारीको अवसर प्रदान गरेको छ

**(ग) चाडपर्व :** प्राचीन तथा मध्यकालीन ग्रामीण परिवेशमा कृषि उपजमा निर्भर भएर चाडपर्व मनाइन्थ्यो भने वर्तमान समयमा आधुनिक वैज्ञानिक उत्पादनहरुले यसमा प्रवेश गरेर चाडपर्वलाई तडकभडकपूर्ण र खर्चिलो बनाइदिएको छ । जहाँ माटोको दियो र खरह सन्ठीको ऊँक बनाएर दिपावली मनाइन्थ्यो त्यहीँ मैनवत्ती , चाइनिज बिजुलीको दियो र आतिशबाजीहरुद्वारा दिपावली मनाइन्छ । जहाँ दियो बालेर देवीदेवताको पुजाआराधना गरी जन्मदिन मनाइन्थ्यो त्यहीँ मैनबत्ती नभाएर बर्थडे मनाइन्छ ।

**(घ) जीवनशैली :** आधुनिक वैज्ञानिक उत्पादनले जीवनशैलीमा ठूलो प्रभाव पारेको छ । प्रत्येक व्यक्ति रुटिनलाइफको यान्त्रिक जीवनशैलीमा बाँधिन पुगेका छन् । कसैलाई कसैको हालचाल सोध्ने र भेट्ने फुर्सद छैन । धार्मिक सामाजिक संस्कारहरु औपचारिकतामा सीमित हुन थालेका छन् । वैवाहिक, जन्म,मृत्यु आदि संस्कार सम्पन्न गराउने एक त जानकार पुरोहित पाउन गाह्रो अर्को क्रिया सम्पन्न गर्ने व्यक्तिसित समयको अभावको कारण यसलाई सकेसम्म छोट्याउने सामाजिक आन्दोलनहरु समय समयमा शीर उठाउने गर्छन् ।

**(ङ) खानपान :** विश्वव्यापीकरणका कारण मधेसी संस्कृतिको पहिचान बोकेको छप्पन प्रकारका स्वादिष्ट व्यञ्जनहरु हराउँदै गएर त्यसको ठाउँ चाउमिन, पिज्जा, बर्गर, डोसा, बिरयानीले लिन थालेका छन् । अनरसा, पिरुकिया, दनौरी, तिलौरी,फुलौरी खोभीलाई अहिलेको बच्चाले मनपराउँदैनन् । तिनीहरू चाउचाउ, चीजवल आदि जङ्कफूड प्रति हुरुक्क हुन्छन् ।

**(च) वेषभुषा :** धोतीकुर्ता, पाग, डोपटा पुरुषहरुको यी पोशाकहरुको स्थान अब सर्ट, पाइन्ट, टाई, कोटले लिएका छन् भने महिलाहरुको साडी चोलो अब ग्रामीण जीवनमा मात्र सीमित हुँदैछ । शहरी क्षेत्रका महिलाहरु कुर्ता सुरुवालमा मात्र सीमित नभै भेस्ट पाइन्ट समेत लगाउन थालेका छन् ।

यसप्रकार मधेसी संस्कृतिका विविध पक्षहरुमा दिनानुदिन भैरहेको परिवर्तनले यसको अस्तित्वमाथि नै खतरा महसुस भैरहेको छ । अतः यसको संरक्षण र संवर्धनका लागि हामीले सचेत भएरै लाग्नुपर्छ ।

**मधेसी संस्कृति संरक्षणका उपायहरु**

(क) सर्वप्रथम संस्कृतिको मौलिकता र संस्कृतिभित्रको विकृतिको पहिचान गर्ने ।

(ख) मौलिकतालाई संरक्षण गर्ने र विकृतिलाई हटाउने ।

(घ) परम्परागत रुपमा कुनै समयमा समयानुकूल चलेका प्रथा परम्पराहरुलाई बिरालो बाँध्ने परम्पराको रुपमा नभई समयानुकूल अपडेट गर्ने ।

(ङ) कुनैपनि संस्कृतिको अन्धानुकरण नगरी त्यसभित्रको रमाइला कुरा अपनाउने तर नराम्रा विकृतिहरु छोड्ने । जस्तैः बर्थडे, म्यारेजडे मनाउने तर अविवाहित सहजिवन (Live in relationship) छोडने ।

(च) संसारको जुनसुकै भागमा गएपनि आफ्नो वेषभुषा, खानपान र परिवारभित्र मातृभाषा परित्याग नगर्ने । सधैं नभए पनि कम्तीमा साप्ताहिक रुपमा भएपनि एकदिन आफ्नो भेषभुषा र खानपान अपनाएमा बालबच्चाहरुमा त्यो संस्कृति हस्तान्तरण हुन्छ ।

(छ) फुर्सदको समयमा आफ्नो थातथलोतर्फ बालबालिकाहरुलाई भ्रमणमा लग्ने ।

(ज) सांस्कृतिक उत्सव समारोह चाडपर्वहरुमा आफू पनि सहभागी हुने र बालबालिकाहरुलाई पनि सहभागी गराउने ।

(झ) जतिसुकै व्यस्तता भएपनि प्रत्येक दिन केहि समय बालबालिका र घरपरिवारका लागि छुट्याउने र तिनीहरूलाई आफ्ना पूर्वज, धर्मसंस्कृति, परम्परा, संस्कारको जानकारी दिने । जुनकार्य घरपरिवारका बुढापाकाहरुले नातिनातिनाहरुलाई काँखमा हुर्काउँदा गर्दथे ।

(ञ) सांस्कृतिक गतिविधिभित्र विकृति नपसोस भनेर आफू सधैं सचेत भइरहने ।

(ट) केटाकेटी र घरपरिवारका सदस्यहरुलाई आफ्नो समाज र संस्कृतिको जानकारी प्रदान गर्न सम्बन्धित साहित्य र साहित्यकारहरुको जानकारी दिने ।

कुनैपनि व्यक्तिलाई व्यक्तित्वले महान बनाउँछ । व्यक्तित्वको विकास संस्कृतिले गराउँछ । जहाँ सुसंस्कारले सभ्य र सुसंस्कृत व्यक्तित्वको विकास गराउँछ । त्यहीँ कुसंस्कारले व्यक्तिलाई असभ्य र असंस्कृत बनाउँछ । अतः हामीसबै मिलेर आ-आफ्नो संस्कृतिको संरक्षण संवर्धन गर्नतर्फ हृदयदेखि समर्पित भएर लाग्नुपर्छ ।

**निष्कर्ष**

यसप्रकार आर्यहरुको भारत प्रवेशदेखि नै गौरवमय इतिहास बोकेको मध्यदेश कालान्तरमा विभिन्न स-साना राज्यहरुमा विभाजित हुन पुग्यो । जसमध्ये काशी, कोसल, विदेह, अंग, बंग, बज्जि आदि प्रख्यात महाजनपदहरु मध्यदेशकै अवशेषमाथि स्थापित भएका थिए । राजा जनक, बुद्ध, याज्ञवल्क्य, वाल्मीकि, विश्वामित्र, महावीर जैन आदि जस्ता ऋषिमुनि, दार्शनिक, विचारक, धर्मगुरुहरु यसै क्षेत्रका उत्पादनहरु हुन । नेपालका प्रथम ऐतिहासिक राजा मानिने मानदेवका पूर्वजहरुका साथै जयस्थिति मल्लका पूर्वजहरु पनि । यसै मधेसका बासिन्दा थिए । प्राचीनकालका मध्यदेशको कुरुक्षेत्रदेखि ब्रह्मपुत्र र गंगादेखि हिमालयसम्मको यश विस्तृत भू-भागमा विभिन्न सभ्यता, संस्कृति, भाषा, साहित्यले फल्ने फुल्ने अवसर पाए । जसबाट ठाउँ अनुसार तिनिहरुले छुट्टै पहिचान कायम गर्दै गए । चाहे त्यो अवधि, भोजपुरी, बज्जि कि मैथिली संस्कृति होस ।

यी समाज भित्रको संस्कृतिमा आन्तरिक एकरुपता अझै कायम रहेको देखिन्छ । भारतीय र युरोपेली भाषा फरक भएपनि एउटै भारोपेली परिवारभित्रको भाषामा एकरुपता देखिए झैं काशी, कोसल,विदेह आदि राज्यहरुको छुट्टै भाषा संस्कृति भएपनि यी सबैको अन्तरवस्तु मधेसी नै रहेको छ । यश मधेसी संस्कृति भित्र विभिन्न विकृतिहरु प्रवेश गर्न थालेको छ । यसबाट मौलिकताको ह्रास हुँदै अस्तित्वमाथि समेत खतरा आइपरेको छ। अतः आफ्नो अस्तित्व र पहिचानका लागि संस्कृति र विकृति छुट्टयाई समयसँग तालमेल गरी अगाडि बढनु उपयुक्त देखिन्छ ।

## सन्दर्भ सामग्री सूची

अर्याल, मदनप्रसाद (२०७३). *नीति (विदुर, चाणक्य र भर्तृहरि).* काठमाडौं : श्रीमती रमादेवी अर्याल. एभरेस्ट गीता निकेतन ।

नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान (२०५८). *नेपाली बृहत शब्दकोष.* काठमाडौं :नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

बर्मा, रघुवंश, ब्रजेश्वर, धीरेन्द्र, भारती, धर्मवीर र चतुर्वेदी, रामस्वरुप, (सन् १९८५) *हिन्दी साहित्यिक कोष पारिभाषिक शब्दावली.* वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

बर्मा, धीरेन्द्र (सन् १९७२). *मध्यदेशका इतिहास.* पटना : बिहार राष्ट्रभाषा परिसद् ।

महाजन, विद्याधर (सन् १९९७). *प्राचीन भारतका इतिहास.* दिल्ली : एस. चन्द एण्ड कम्पनी लिमिटेड ।

राउत, सि. के. (२०७०). *मधेसका इतिहास.* काठमाडौं : गैरआवासीय मधेसी संघ ।

शर्मा नेपाल, बसन्तकुमार (२०५८). *नेपाली शब्दसागर,* काठमाडौं :भाषा पुस्तक भण्डार ।

Kane, P. V.(1930). *History of Darmasastra.*: Poona-Bhandarkar Oriental Research Institute.